मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २२४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार १७ गते शुक्रवार (Friday, July 1. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## दाजु बहिनी पोखरीमा नुहाउन जाँदा..

**झापा, असार १६।** दक्षिणी झापाको कचनकवलमा बालुवा माटो निकालेर त्यतिकै छाडेको खाल्डोको पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ।

डुबेर मृत्यु हुनेमा कचनकवल-४स्थित झोडा निवासी भीम लिम्बूका ११ वर्षीय छोरा रेजन लिम्बू रहेको प्रहरी कार्यालय झापाले जनाएको छ। घरदेखि ५० मिटर पश्चिम चिया बगान नजिकै २० फिट भन्दा गहिरो खनेर बनाइएको खाल्डोमा बर्खाले पानी

*(बाँकी अन्तिम पृष्ठमा)*

# ठेकेदारको लापर्वाहीले ५ वटा भवन अलपत्र

**झापा, असार १६।** बाह्रदशी गाउँपालिकामा वडा कार्यालय निर्माणका लागि प्राप्त रकम फ्रिज हुने भएको छ।

निर्माण कम्पनीले समयमा भवन निर्माण सम्पन्न नगर्दा संघीय सरकारको समपूरक अनुदानको रकम फ्रिज हुन लागेको हो। रकम फ्रिज भएसँगै बाह्रदशी गाउँपालिकामा निर्माणाधीन पाँच वटा वडा कार्यालयका भवन अलपत्र हुने अवस्थामा पुगेको बाह्रदशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाँईले बताए।

संघीय सरकारको समपूरक कोषको रकमबाट बाह्रदशी गाउँपालिका ३, ४, ५, ६ र ७ नम्वर वडा कार्यालय निर्माणाधीन छन्। आगामी असार ३० गते पाँचैवटा वडा कार्यालय भवन निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि ५० प्रतिशतसम्म सम्पन्न नभएको प्रमुख प्रशासकीय अधिकृत गुरागाँईले बताए।

पाँचवटै वडा कार्यालयको भवन निर्माणका लागि गालवा, समता, नेपाल पूर्वाधार जेभी बिर्तामोडले ठेक्का लिएका थिए। कवोल रकमभन्दा ३१ प्रतिशतभन्दा 'बिलो'मा भवन निर्माणको ठेक्का लिएका ती कम्पनीले समयमा काम सम्पन्न नगर्दा भवन अलपत्र हुने अवस्था आएको नारायणप्रसाद खरेलले बताए।

भवन निर्माणका लागि कवोल रकम ३ करोड ११ लाख ५२ हजार ७ सय ३४ रुपैयाँ ७० पैसा भएपनि नेपाल पूर्वाधार जेभीका सञ्चालक टेकराज श्रेष्ठले ३१ प्रतिशतभन्दा बढी विलोमा भवन निर्माणको जिम्मा लिएको इञ्जिनियर खरेलले बताए।

बाह्रदशी गाउँपालिकाको वडा नम्वर ३को वडा कार्यालयको ८० प्रतिशत काम सम्पन्न भए पनि अन्य वडाको काम ५० प्रतिशत समेत सम्पन्न नभएको बताइएको छ। समयमा भवन निर्माण सम्पन्न नहुँदा रकम फ्रिज हुने भएपछि गाउँपालिकाले पटक-पटक भवन निर्माणका लागि तागेता गर्दा पनि निर्माण व्यवसायी श्रेष्ठले अटेर गरेको र समयमा काम सम्पन्न



नगरे कालोसूचीमा राखेर कारवाही गरिने प्रमुख प्रशासकीय अधिकृत गुरागाँईले बताए।

निर्माण व्यवसायी श्रेष्ठले भवन निर्माणका क्रममा वडा नम्वर ४ र ६मा कमसल काम गरेको भन्दै पुनः मर्मत गर्न लगाएको बताइएको छ। वडा नम्वर ४मा पर्खाल कमसल भएको र ६मा पश्चिमतर्फको बिम नै वाङ्गो निर्माण गरेकोले भत्काएर पुनःनिर्माण गर्न लगाइएको इञ्जिनियर खरेलले बताए।

बाह्रदशी ४मा दाताले दिएको जमिनमा भवन निर्माण भइरहेको छ। निर्माणाधीन भवनसम्म पुग्ने बाटो नहुँदा समस्या भएको निर्माण व्यवसायी श्रेष्ठले बताए। शुरुमा काम गर्न बाटो नभएर पाइएन- उनले भने - अहिले पानीले समस्या बनायो।

भवन निर्माणका लागि गाउँपालिकाले सहयोग नगर्दा समस्या भएको छ- उनले भने- अब कुनै पनि हालतमा निर्धारित समयमा काम सम्पन्न हुँदैन, समय थप गरेर भए पनि भवन निर्माण गर्नुपर्छ। जसका लागि ६ महिना समय थप्न जरुरी छ।

वाह्रदशी गाउँपालिका-७मा निर्माणाधीन भवनको भुइँ ढलाइसम्म भएको छैन- वडाध्यक्ष मित्रराज भट्टराईले भने- यही तालमा भवन निर्माण गर्ने हो भने अझै दुई वर्षमा पनि काम सम्पन्न हुँदैन। भएको रकम पनि फ्रज भएर जाँदा गाउँपालिकाले ठेकदारका कारण कत्रो क्षति व्यहोर्नु पर्‍यो भनी साध्य छैन।

## प्रत्येक वडामा सामुदायिक नर्सिङ

**काठमाडौँ, असार १६।** सरकारले सबैलाई स्वास्थ्य सेवा पुऱ्याउनका लागि प्रत्येक वडामा सामुदायिक नर्सिङ सेवा उपलब्ध गराउने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विहीवार 'राष्ट्रिय नर्सिङ तथा मिडवाईफ्री रणनीति (२०७७/०७८ देखि २०८७/०८८) सार्वजनिक गर्दै सबैका लागि स्वास्थ्यको नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रत्येक वडामा सामुदायिक नर्सिङको व्यवस्था गर्ने भएको हो।

रणनीतिमा मातृ तथा नवशिशु स्वास्थ्य, ज्येष्ठ नागरिक र वातावरण स्वास्थ्यको व्यवस्था गर्न प्रत्येक वडामा सामुदायिक नर्सिङ जनशक्तिको व्यवस्था गर्ने उल्लेख गरिएको छ। नेपालमा ७५३ स्थानीय तहका छ हजार ७४३ वडा छन्। स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङको उपस्थितिमा दशवर्षे उक्त रणनीति सार्वजनिक गरिएको हो। रणनीतिमा प्रत्येक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्नाका साथै औद्योगिक क्षेत्रमा नर्सिङ वा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने उल्लेख गरिएको छ।

स्वास्थ्यमन्त्री खापुङले सबै ठाउँमा स्वास्थ्य सेवा पुऱ्याउनुपर्नेमा जोड दिए। सबै क्षेत्रका जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने काम गर्नुपर्नेमा जोड दिँदै उनले संविधानमा उल्लेख भए अनुसारको स्वास्थ्य सेवा पुऱ्याउन राज्यले नसकेको समेत बताए। अहिले पनि चिकित्सक र नर्स चाहियो भनेर मन्त्रालयमा मानिस भन्न आउँछन्- मन्त्री खापुङले भने- देशभर समतामूलक सेवा पुऱ्याउन आवश्यक भएको र रणनीतिले लिएको लक्ष्य अनुसार नर्सिङ सेवालाई गुणस्तरीय बनाउनुपर्ने बताए।

कार्यक्रममा स्वास्थ्य सचिव डा. रोशन पोखरेलले रणनीति अनुसार स्वास्थ्यकर्मीको व्यवस्थापनमा समस्या हुने बताए। उनले दुर्गम र पहाडी जिल्लामा स्वास्थ्यकर्मी पठाउन नसकिएको उल्लेख गर्दै रणनीति अनुसार स्वास्थ्यकर्मी दुर्गम र पहाडी क्षेत्रमा जानै पर्नेमा जोड दिए।

मन्त्रालयका प्रमुख विशेषज्ञ डा. श्यामसुन्दर यादवले रणनीति कार्यान्वयन गर्न सके मातृ मृत्युदर र शिशु मृत्युदर घटाउन सकिने बताए। उनले रणनीतिले निजी स्वास्थ्य क्षेत्रलाई समेट्न नसकेको बताए। धेरै नर्सिङ निजी स्वास्थ्य संस्थामा काम गरिरहेका छन्- प्रमुख विशेषज्ञ यादवले भने- निजी क्षेत्रको पनि अनुगमन गर्ने गरी रणनीति ल्याउनुपर्दछ।

नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाका निर्देशक गोमादेवी निरौलाले गुणस्तरीय नर्सिङ तथा मिड्वाईफ्री जनशक्ति परिचालन गरी स्वास्थ्य सेवाको गुणस्तर र व्यवसायिकताको प्रवर्द्धन गर्नका लागि रणनीति ल्याइएको बताइन्। महाशाखाका अस्पताल नर्सिङ प्रशासक वाला राईले स्वास्थ्य सेवाको गुणस्तर, सबैका पहुँच पुऱ्याउनका लागि रणनीति ल्याइएको बताइन्।

## फजुल खर्च कम गर्दै बचत गर्न राष्ट्र बैंकको आग्रह

**काठमाडौं, असार १६।** नेपाल राष्ट्र बैंकले फजुल खर्च नियन्त्रण गर्न आग्रह गरेको छ। फजुल खर्च कम गर्दै बचत गर्ने बानी बसाल्न बैंकले आग्रह गरेको हो।

केन्द्रीय बैंकले आधिकारिक फेसबुकमार्फत् एक मिनेट ४ सेकेन्डको प्रचारात्मक भिडियो सामग्री पोस्ट गर्दै फजुल खर्च कम गर्दै बैंकमै पैसा बचत गर्न आग्रह गरेको हो। पछिल्लो समय उपभोग्य सामग्रीको आयात बढेकाले विदेशी मुद्राको सञ्चिति बढेकाले अर्थतन्त्र समस्यामा परेको छ। साथै, उपभोग्य सामग्रीमा अत्यधिक मूल्यवृद्धिका कारण फजुल खर्च कम गर्न आग्रह गरेको जनाइएको छ।

## पुँजीगत खर्च ४० प्रतिशत मात्रै

**झापा, असार १६।** चालू आर्थिक वर्ष सकिन अब १६ दिन बाँकी छ।

सरकारले चालू आवमा रु. तीन खर्ब ७८ अर्ब नौ करोड ७७ लाख बजेट विकास निर्माणमा खर्च गर्ने लक्ष्य राखेको थियो। हरेक महिना १० प्रतिशतका दरले पुँजीगत खर्च गर्ने सरकारको लक्ष्य थियो। तर, अवस्था भने त्यस्तो छैन।

सरकारको दैनिक हिसाबकिताब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार असार १५ गते बुधबारसम्म विकास निर्माणको काममा कूल विनियोजित बजेटमध्ये ४० प्रतिशत मात्रै खर्च भएको पाइएको छ। कार्यालयका अनुसार कूल रु. एक खर्ब ५१ अर्ब नौ करोड चार लाख मात्रै खर्च भएको छ। यो लक्ष्यको ३९.९६ प्रतिशत बराबर हो।

सरकारको कूल खर्च भने ६७.९४ प्रतिशत बराबर भएको छ। कूल रु. १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख बराबर खर्च गर्ने लक्ष्य राखिएकोमा हालसम्म रु. ११ खर्ब नौ अर्ब ३७ करोड ३२ लाख बराबर खर्च भएको छ। यो कूल विनियोजनको ६७.९४ प्रतिशत हो।

सरकारको खर्चमध्ये सबैभन्दा बढी खर्च चालूमा देखिएको छ। रु. १० खर्ब ६५ अर्ब २९ करोड ३९ लाख बराबरको चालू खर्च गर्ने लक्ष्य राखेको सरकारले हालसम्म रु. आठ खर्ब ६६ अर्ब ९० करोड ६० लाख अर्थात् ८१.३८ प्रतिशत खर्च गरेको छ।

त्यस्तै, वित्तीय व्यवस्थातर्फ कूल रु. एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको खर्च गर्ने लक्ष्य राखेकामा हालसम्म रु. ९१ अर्ब ३७ करोड ६८ लाख अर्थात् ४८.२४ प्रतिशत खर्च भएको छ।

## पोखरेल बिशिष्ट चलचित्रकर्मी

**झापा, असार १६।** विशिष्ट श्रेणीको चलचित्रकर्मीमा झापा बिर्तामोडका राजकुमार पोखरेल परेका छन्।

नेपाल चलचित्र विकास बोर्डको २२ औं वार्षिकोत्सवको अवसर पारेर सरकारले पोखरेलसहित थप ६३ जना चलचित्रकर्मीलाई विशिष्ट श्रेणीको चलचित्रकर्मीको परिचयपत्र प्रदान गरेको हो। पोखेलसहित ६३ जनालाई नै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर



कार्कीले परिचयपत्र प्रदान गरेका थिए।

परिचयपत्र प्राप्त गर्नेहरुको एक लाख रुपैयाँ बराबरको जीवन बिमा समेत गरिएको छ। यो परिचयपत्र पाउनेमा अभिनेता भूवन केसीदेखि पवन मैनालीसम्म छन्। बोर्डका अनुसार आर्थिक वर्ष २०७३/०७४ को कार्यविधि अनुसार फारम भरेका फिल्मकर्मीलाई परिचयपत्र वितरण गरिएको हो। बोर्डले यसअघि ४० जना फिल्मकर्मीलाई उक्त परिचयपत्र प्रदान गरेको थियो।

पोखरेलसहित परिचयप्राप्त गर्ने चलचित्र कर्मीहरुमा चैत्यदेवी सिंह, मोहनलाल सर्राफ, गौरीशंकर धुजू, नगेन्द्र खड्का क्षेत्री,

*(बाँकी अन्तिम पृष्ठमा)*

## रोटरी अध्यक्षमा बिमली

**झापा, असार १६।** झापाको बिर्तामोडका व्यवसायी ओमकृष्ण विमली रोटरी क्लब अफ बिर्तामोडको अध्यक्षमा चयन भएका छन्।



उनी सन् २०२२/०२३का लागि अध्यक्षमा चयन भएका हुन्। २०२३-०२४को अध्यक्षमा बबिता गिरी चयन भएकी छन् भने मनोनित अध्यक्षमा सुरेश अग्रवाल चयन भएका छन्।

क्लबको उपाध्यक्षमा प्रकाश शिवाकोटी र दीपक गिरी तथा सचिवमा सञ्जीव घिमिरे चयन भएका छन्। कोषाध्यक्षमा अमोद आचार्य, सहायक कोषाध्यक्षमा सुशील अग्रवाल चयन भए। क्लबको डाइरेक्टर टीआरएफमा राजकुमार

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

# धान आयातमा करोडौं रुपैयाँ विदेशियो

**मेचीनगर, असार १६।** खाद्यान्न आयातमा मुलुकको करोडौं रुपैयाँ बाहिरिरहेको तथ्याङ्क सार्वजनिक भएको छ।

नेपाल प्रवेशको पूर्वीद्वार काँकरभिट्टा नाकाबाट मात्र वर्षेनि धान आयातमा करोडौं रुपैयाँ बाहिरिने गरेको मेची भन्सार कार्यालय काँकरभिट्टाको तथ्याङ्कले पुष्टि गरेको हो।

कार्यालयका सूचना प्रविधिका कम्प्युटर अपरेटर अरुण साहका अनुसार चालू आर्थिक वर्ष २०७८/०७९ को जेठ मसान्तसम्म मात्र २ करोड ५२ लाख ६५ हजार ७१ रुपैयाँ बराबरको धान नेपालले आयात गरेको छ। त्यो अवधिमा १ करोड ७० लाख ३६ हजार ३ सय ३८ केजी धान आयात गरेको कार्यालयले जनाएको छ।

कृषि प्रधान मुलुकमा प्रचारमुखी कार्यक्रम गरेर विविध कार्यक्रम गरे पनि धानको परनिर्भरता भने बर्षेनि बढ्दै छ। कुनै बेला धान-चामल कम्पनी नै खोलेर निर्यात गर्ने देश अहिले सबैभन्दा बढी आयात गर्नेको सूचीमा परेको छ। कार्यालयको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७६/०७७ देखि चालू आर्थिक वर्ष २०७८/०७९ को जेठ मसान्तसम्म हरेक वर्ष धानको आयात बढ्दो क्रममा छ।

आर्थिक वर्ष २०७६/२०७७मा १३ लाख ९२ हजार ४ सय ५५ रुपैयाँ मूल्य बराबरको ९ लाख ५७ हजार १ सय २० केजी धान काँकरभिट्टा नाका भएर आयात गरिएको थियो। आर्थिक वर्ष २०७७/ २०७८ मा धानको आयात ह्वात्तै बढ्यो। १ करोड ५५ लाख १५ हजार ७ सय १० रुपैयाँ मूल्य बराबरको १ करोड २ लाख ६१ हजार ५ सय ८७ केजी धान त्यो वर्ष नेपालले आयात गर्‍यो।

कृषि उत्पादन विस्तारका अनेकन प्रयासका बावजुद नेपालको धान आयात भने चुलिँदै गएको छ। प्रमुख खाद्यान आयातमा मुलुकबाट वर्षेनि करोडौं रुपैयाँ विदेशिने गरेको छ। किसानलाई मल, बीऊ जस्ता आधारभूत सामग्री समयमै दिन नसक्दा धानको उत्पादकत्व बढाउन नसकिएको किसानको भनाइ छ। हरेक वर्ष कृषि क्षेत्रको विकासका लागि भनेर गरिएको खर्च समेत वास्तविक किसानले पाउन नसकेको अवस्था छ।

कृषि क्षेत्रको उत्पादकत्व बढाउन भन्दै सरकारले विभिन्न अनुदानका कार्यक्रम ल्याए पनि ती सबैको परिणाम सकारात्मक नहुँदा आवश्यकताको तुलनामा उत्पादन विस्तार हुन नसकेको कृषि विज्ञहरुको भनाइ छ। किसानको आत्मसम्मान बढाउने कार्यक्रमसमेत बजेटमा स्पष्ट व्यवस्था गरिएको छ। तर, मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने विषय केवल नारामै सीमित छ। हरेक वर्ष धान रोप्ने खेत क्रमशः घट्दै गएको छ। मलिलो र बढी उब्जनी हुने फराकिला फाँट र खेतीयोग्य जमिन आजकल प्लटिङ गरिएको छ। खेती गर्नेको आत्मसम्मान समेत बढ्न सकेको छैन। सोही कारण हरेक वर्ष मुख्यः खाद्य बाली धानमा समेत नेपाल परनिर्भर हुनु परेको छ।

झापा जिल्लामा बर्खे र चैत धान दुई सिजनमा कृषकले लगाउने गरेका छन्। झापा जिल्लामा ९८ हजार ७ सय हेक्टर खेतीयोग्य जमिन भए पनि गत वर्षलाई आधार मान्दा ८५ हजार ७ सय ५० हेक्टर जग्गामा मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्र झापाका कार्यालय प्रमुख सागर विष्टले जानकारी दिए।

जिल्लामा वार्षिक ४ लाख १५ हजार ६ सय टन धान उत्पादन हुन्छ। मलखाद, उन्नत बीऊ, प्रविधि र सिञ्चाइको अभावले आवश्यकता अनुसारको उत्पादन गर्न नसक्दा पनि धामा परनिर्भर हुनु

*(बाँकी अन्तिम पृष्ठमा)*

**Little Flowers' English School**
**VACANCY ANNOUNCEMENT**
**For Senior High School**

Little Flowers' English School (LFES), is a leading educational institution in the Eastern Region of Nepal, founded in 1981 AD and located at Birtamod-4, Anarmani. It is a co-educational school, focussed on providing overall development of students through progressive and student-centric approach to teaching-learning activities.

We are inviting applications from well-qualified and dynamic candidates, possessing strong command over written and spoken English and having relevant years of working experience in the post applied for.

1. **Lecturer for Senior High School Programme**

Subjects: Physics, Chemistry, Mathematics, Hotel Management, Computer Science, Biology, Accounting, Economics, Business Studies, English and Nepali.
Qualification: Master's degree
Experience: Minimum of 2 years teaching

2. **Middle School**

Subject: English
Qualification: Master's degree
Experience: Minimum of 2 years teaching

3. **Mess Manager**

Qualification: Bachelors in Hotel Management
Experience: Minimum of 2 years in the field

Interested candidates can apply for the relevant post with an application and updated CV mentioning the expected salary to **vacancy@lfes.edu.np**, or alternately drop the application and CV in person at the School Office latest by **17th of Ashad, 2079**. Only short-listed candidates will be contacted for recruitment process.

## रोटरी ...

पोखरेल, डाइरेक्टर सर्भिस प्रोजेक्टमा विनोद बस्नेत, डाइरेक्टर क्लब एडमिनिस्ट्रेसनमा निकिता गिरी, डाइरेक्टर मेम्बरसिपमा मीनप्रकाश मैनाली चयनमा भएका छन् । त्यस्तै, डाइरेक्टर युथ सर्भिसमा डा. सन्ध्या राठी, डाइरेक्टर पब्लिक इमेजमा निर्मल भट्टराई, क्लब मेन्टरमा सुरेश बंशल, क्लब ट्रेनरमा कुमार गिरी, सर्जन्ट एट आर्म्स कुमार गिरी (जे) चयन भएका छन् ।

क्लबको चेयर एडमिनिस्ट्रेसनमा विनिता गट्टानी, चेयर टिआरएफमा पवन खेडिया, चेयर सर्भिस प्रोजेक्टमा अशोक ढुंगाना, चेयर युथमा सैलेन्द्र कुरुम्बाङ, चेयर मेम्बरसिपमा आशा आचार्य र पब्लिक इमेजमा पार्वता खरेल चयन भएका छन् । नयाँ कार्यसमितिको पद हस्तान्तरण यही असार अन्तिम साता हुने क्लबका अध्यक्ष नवीन गट्टानीले जानकारी दिए ।


### कपडा पसल बिक्रीमा

बिर्तामोड नगरपालिका–५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु–बिक्रीमा छ ।

**मो. ९८४२६९५७८८**
**९८०४९६५०८५**


## पोखरेल ...

अर्जुनजंग शाही, रवि गिरी, सानुकुमार ताम्राकार, रिदीचन्द्र श्रेष्ठ, राजाराम पौडेल, सन्तोष पन्त लगायत छन् ।


### कर्मचारी आवश्यकता

यस संस्थालाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पदः **सहलेखापाल**– १ जना, +२ उत्तीर्ण (कम्प्युटरमा दक्ष, अनुभवीलाई प्राथमिकता)
**बजार प्रतिनिधिः** १ जना, ८ कक्षा उत्तीर्ण
**तलबः** संस्थाको नियम अनुसार
**निवेदन दिने अन्तिम मितिः** २०७९।०३।२५ गतेसम्म

**मातृभाग्य रेखा बचत तथा ऋण सहकारी संस्था लि.** बिर्तामोड–१, झापा (मो. ०२३–५९००४०, ५४४७२७)


## धान ...

परेको सरकारी अधिकारीहरुको भनाइ छ । जिल्लामा औसत धान उत्पादकत्व प्रतिहेक्टर ४ दशमलव ८ टन रहेको उनको भनाइ छ ।

३० वर्ष अघिसम्म नेपालले धान चामल खाडीदेखि अमेरिकासम्म निर्यात गर्दथ्यो । उत्पादन लागत बढेको भन्दै किसान कृषिबाटै पलायन हुँदा समेत किसानलाई टिकाउने कार्यक्रम आउनै नसकेको कृषक राम राईको भनाइ छ । देशभित्र धान उत्पादन विस्तार गर्ने र विदेशबाट आयात गर्नुपर्ने अवस्था अन्त्य गर्नेतर्फ सरकारले बेलैमा सोच्नुपर्ने छ ।

## दाजु ...

जमेको थियो । सोही पोखरीमा नुहाउने क्रममा बालक रेजनको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

रेजनसँगै उनका बहिनी पनि पोखरीमा नुहाउन गएकी थिइन् । दाजु डुबेपछि बहिनीले तत्काल घर छिमेकलाई जानकारी गराएकी थिइन् । घटनास्थल पुगेका स्थानीयले बालकलाई उद्धार गरे पनि उनको मृत्यु भइसकेको बताइएको छ ।


**अर्जुनधारा नपा–३, झापा**

**सिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०७८।०३।१७ गते**

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह, अर्जुनधारा–३, झापाले आ.व. २०७८/०७९ मा समूहको वनबाट उत्पादित चिरान काठ समूहको घाटगद्दीमा विभिन्न लटमा बिभाजित निम्न परिमाणको काठ जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल दैनिक पत्रिकामा प्रथमपटक प्रकाशित मितिले २१ दिनभित्र सिलवन्दीको वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपशिल**
**वन पैदावारको विवरणः–**

| सि.नं. | जात | लट नं. | थान | परिमाण | धरौटी | न्यूनतम् मूल्य | प्रयोजन | |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | १४ | १७२ | २११.०० | १० प्रतिशत | ७,३८,५००।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| २ | साल | १५ | १४७ | १८४.०० | १० प्रतिशत | ६४४,०००।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ३ | साल | १६ | १४९ | १७७.१३ | १० प्रतिशत | ६,१९,९९५।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ४ | साल | १७ | १८९ | २३३.०० | १० प्रतिशत | ८,१५,५००।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ५ | साल | १८ | १८८ | २४६.९५ | १० प्रतिशत | ८,६४,३२५।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ६ | साल | १९ | २०३ | १९४.०१ | १० प्रतिशत | ६,७९,०३५।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ७ | अन्य जात | २० | ९९ | १४७.२१ | १० प्रतिशत | २,९४,४२०।– | लिलाम प्रयोजन | चिरान फान्टा |
| ८ | साल | २१ | ८९ | ३४.४१ | १० प्रतिशत | १,२३,९३५।– | लिलाम प्रयोजन | चिरान वटम |
| ९ | साल | २५ | ४२५ | १८१.५० | १० प्रतिशत | ६,३५,२५०।– | लिलाम प्रयोजन | चिरान वटम |

**२) वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**
क) अन्तिम मिति २०७९/०४/०५ ख) समय : ४ वजेसम्म
३) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सेल डेभलपमेन्ट वैक खुदुनावारीमा रहेको खाता न.०२९००२०००९८०२३००००01 मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
४) वोलपत्र फारम प्रति लटको रु. १०००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोका समूहको कार्यालयबाट खारिद तथा दाखिला गर्न सकिनेछ ।
५) लिलाम वढावढ हुने वन पैदावर कार्यालय खुलेको समयभित्र सामुदायिक वन उपभोक्ता समूहमा रहेको घाटगद्दी स्थलमा गइ हेर्न सकिनेछ ।
६) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन) दर्ता प्रमाण पत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नैछ ।
७) निर्धारित समयमा न्यूनतम् संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०७९/०४/०६ गते २:०० बजे समूहका पदाधिकारी, वन प्रतिनिधि र बोलपत्रकर्ताका प्रतिनिधिको रोहबरमा खोलिने छ ।
८) लिलाम स्वीकृत भएको मितिले १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तौकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।
९) वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरलाई मान्यता दिइनेछ ।
१०) बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोका समूहमा निहीत रहनेछ ।
११) वोलपत्र खरिद तथा दर्ता गर्दा लट नं. बाहिर देखिने गरी खाममा अनिवार्य खुलाउनु पर्नेछ ।

**अध्यक्षः श्री जुकेखाडी सा.व.उ.स**
**मो नं. ९७४४३३३५६४, ९८५२६७३३२४**



**असल संस्कार र समृद्धिका लागि एनएमसी**

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

**NMC-COOP**

**कर्पोरेट कार्यालय : मेचीनगर–६, काँकरभिट्टा** **प्रकाशित मितिः २०७९/३/१७**

**कर्जा बुझाउन आउने बारे सूचना**

यस संस्थाको सुरुङ्गा सेवा केन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक–पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरीहालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल :**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | ऋणीको बाबु | ऋणीको बाजे/पति | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|
| १ | शोभा भट्टराई | दमक–८ | रुद्र बहादुर भट्टराई | रमेश कार्की | गंगादेबी कार्की | सुरुङ्गा |
| २ | सावित्रा उप्रेती | कनकाई–५ | गुरु प्रसाद ढकाल | नगेन्द्र प्रसाद उप्रेती | नगेन्द्रप्रसाद उप्रेती | सुरुङ्गा |
| ३ | सूर्यबहादुर कार्की डोली | बाह्रदशी–७ | भक्तबहादुर कार्की डोली | मण्डल कार्की डोली | सूर्य बहादुर कार्की डोली | सुरुङ्गा |
| ४ | अस्मिता तिम्सिना | कनकाई–५ | टेकनाथ तिम्सिना | मोहन मिश्र | अस्मिता तिम्सिना | सुरुङ्गा |
| ५ | पुष्पा राई | कनकाई–३ | टेकबहादुर श्रेष्ठ | तिलक राई | पुष्पा राई | सुरुङ्गा |
| ६ | विजयकुमार मण्डल | कनकाई–५ | पारस मण्डल | भुबेश मण्डल | विजयकुमार मण्डल | सुरुङ्गा |
| ७ | चिन्तादेवी राजवंशी | झापा–३ | जमाकु राजवंशी | प्रभुराज राजवंशी | चिन्तादेवी राजवंशी | शरणामती |

**– शरणामती कार्यालयगत उपसमिति**



इन्दै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

**भावपूर्ण श्रद्धाञ्जली/समवेदना**

यस मेची आँखा अस्पतालका ओपीडी इन्चार्ज सन्तोष कुमार लाभ कर्णका पुजनीय पिता **शिव नारायण लाभ कर्ण**को मिति २०७९ असार ५ गते आइतवारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त स्तब्ध एवम् मर्माहत बनाएको छ । दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आज १३औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकको पीडादायी क्षणमा रहनुभएका सम्पूर्ण परिवारजनमा शोक सहन गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।



**स्व. शिव नारायण लाभ कर्ण**
**जन्मः २००४।०३।३०**
**स्वर्गारोहणः २०७९।०३।०५**

**मेची आँखा अस्पताल परिवार**
**बिर्तामोड-३, सैनिक मोड (झापा)**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# समन्वयात्मक पहलको खाँचो

**मानव बेचबिखन सभ्य समाजको कलंक हो । यसै वास्तविकतालाई आत्मसात गरी संयुक्त राष्ट्रसंघको आह्वान अनुसार मानव बेचबिखनविरुद्ध दिवस मनाउने गरिएको छ । यो दिवसको महत्व उजागर गर्दै यसविरुद्ध सचेतना फैलाउन दिवस नै मनाउन थालिएको हो । संसारमा फस्टाउँदो गतिमा रहेको प्रमुख तीन वटा अवैध तथा संगठित अपराधहरु हातहतियार, मानव बेचबिखन र लागूऔषधको कारोबार हुन् । ती मध्ये मानव बेचबिखनलाई दोस्रो ठूलो अपराधको रुपमा हेरिएको छ । विश्वकै लागि जघन्य अपराध मानिएको बेचबिखन नियन्त्रण गर्न ठूला राष्ट्रहरु पनि असफल भइसकेका छन् । मानिसले नै मानिसलाई बेच्नु अपराधभन्दा पनि आधुनिक र सभ्य भनिने मानिसका लागि लज्जाको विषय हो । यो यस्तो अपराध हो जसले बालबालिका, महिला र पुरुषलाई गलत कर्ममा बलपूर्वक लगाउँछ ।**

**दलालको प्रयोग गरी हुने मानव बेचबिखनको अपराधमा अनुचित श्रम गर्न र यौनशोषण गर्न बाध्य पारिन्छ । पीडितको इच्छा विपरीत धम्की दिएर, डर–त्रास देखाएर फुक्याएर गरिने कुनै पनि शोषण, मानव अङ्ग झिक्ने, छाला झिक्ने, वेश्यावृत्ति वा अन्य कुनै यौन शोषणमा लगाउने कार्य अपराध हो । यस्तो अमानवीय कार्यको संगठित जालो तोड्नु आजको पहिलो आवश्यकता हो । यसका लागि सर्वप्रथम सचेतना प्रवाह गर्नुपर्छ । यस्तो अभियानमा सरकार, गैरसरकारी संस्था, स्थानीय सरकार र सरोकारवाला सबैको समन्वयात्मक भूमिका देखिनु पर्दछ । अवैध र अपराधमा संलग्न जो–कसैलाई कानूनको दायरामा ल्याएर दण्डित गरिनुपर्दछ । त्यसैगरी विद्यालयीय शिक्षाको पाठ्यपुस्तकमै समावेश गरेर मानव बेचबिखन सामाजिक अपराध हो र सबैको प्रयासले मात्र यसको अन्त्य गर्न सकिन्छ भन्ने चेतना प्रवाह गर्नुपर्छ ।**

**यसैक्रममा झापाको काँकरभिट्टामा आयोजित मानव बेचबिखनविरुद्धको अभियान अन्तर्गत अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । मानव बेचबिखन अनुसन्धान ब्यूरो काठमाडौंका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर मल्लले डिजिटल डिस्प्ले बोर्डको उद्घाटन गर्दै यो अपराधका कारण विश्वमा चार करोडभन्दा बढी मानिस पीडित रहेको जानकारी दिए । पूर्वी नेपालको मुख्य प्रवेशद्वार काँकरभिट्टा यस अर्थमा पनि संवेदनतशील छ कि यहाँबाट भारत प्रवेश गर्ने र नेपाल आउने मुख्य नाका हो । माइती नेपाल तथा प्रहरीको निगरानीकाबीच पनि त्यही नाकामा दिनहुँजसो मानव बेचबिखन तथा लागूऔषधिको ओसारपसारमा संलग्न व्यक्ति पक्राउ परिरहन्छन् । अनि पनि निर्मूल हुन नसकेको अवरोधको समूल अन्त्य गर्न बालबालिकादेखि अभिभावकहरु सचेत र जागरुक हुनुपर्छ । अनि मात्र यो र यस्ता अपराधबाट समाजलाई मुक्त राख्न सकिन्छ ।**

# पुरुष माथिको यौन हिंसा- पत्याउँदैन समाज



दुर्गा रानामगर

पोखराका ३१ वर्षीय अमित बराल नेपालका प्रसिद्ध फेशन डिजाइनर हुनुहुन्छ। नेपालका टप मोडलदेखि चलचित्रसम्म धेरैका लागि फेशन डिजाइनरको रूपमा उहाँले काम गर्नुभएको छ। उहाँ यस क्षेत्रमा रमाउनुहुन्छ। तर, बेलाबखत उहाँमाथि भएका यौन हिंसाका घटनाले उहाँ यस क्षेत्रमा असुरक्षित पनि महशुस गर्नुहुन्छ। फेशन डिजाइनको शुरुवातको समयमा एक चलचित्रको निर्देशकसँगको पहिलो भेटमा हात मिलाउँदा ( ह्यान्ड सेक) उहाँले आफ्नो शरीर चिसो भएर आएको महशुस गर्नुभयो।

सामान्य हात मिलाइ र त्यस निर्देशकको हात मिलाइमा फरक थियो। निर्देशकले उहाँलाई खराब आशयले हात मिलाएको बरालले महशुस गरेकै कारण प्रतिक्रियाविहीन भएर उहाँ अन्यौलमा पर्नुभयो। बराल भन्नुहुन्छ- 'अरुले यो घटना सुन्दा पक्कै नर्मल ह्याण्ड सेक त हो भन्ने लाग्ला तर मलाई यो घटना सम्झिँदा पनि गाह्रो हुन्छ किनकी त्यो उहाँले त्यतिबेला मलाई मोलेस्ट गर्नुभएको हो।'

त्यसपश्चात उहाँलाई एक नेपाली चलचित्रको फेशन डिजाइनका लागि अफर गरिएको समयमा निर्देशकले सिँधै यौन प्रस्ताव गरेको स्मरण पनि छ। 'मेरो करियरको पहिलो चलचित्र थियो। मैले अरु नराम्रो सोचिन तर डिरेक्टरले मलाई के दिन्छौ तिमीले अब भन्नुभयो। पछि कतै रात बिताउँ भन्ने प्रस्ताव राख्नु भयो।' बरालले यसपछि लगातार धेरै पटक यौन हिंसाको घटना भोग्नुभयो। क्लबमा जाँदा होस् वा फिल्डमा नयाँ मान्छेहरू भेट्दा होस् उहाँलाई लगातार यस्तो घटना भइरह्यो। उहाँले भन्नुभयो- 'म एक केटा भएको कारणले यो घटना बाहिर ल्याउन सकिनँ। अझै पनि मान्छेहरूलाई केटामाथि हुने यस्ता घटना अचम्म र असम्भव जस्तो लाग्छ। मैले भने पनि कसैले पत्याउँदैनन् जस्तो लाग्छ। तर, यौन हिंसाले महिला र पुरुष भन्दैन।'

फेशन डिजाइनर बरालले भन्नुभएको जस्तै महिलामाथिका यौन हिंसाका घटना सामान्यरूपमा बाहिर आए जसरी पुरुषमाथिको यौन हिंसाका घटना बाहिर आउँदैनन्। घटना आए पनि समाजले पत्याउदैन भन्ने डर हुन्छ। हालै कास्की माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ लाहाचोकको एक विद्यालयका बालकहरू माथि भएको यौन दुर्व्यवहारको घटना बाहिर आएको छ। विद्यालयका संस्थापक रामचन्द्र शाहीले धेरै समयदेखि बालकहरूलाई अप्राकृतिक यौन क्रियाकलाप गर्न बाध्य पारेका रहेछन्। आरोपित लाहाचोकमा सामाजिक प्रतिष्ठा कमाएका व्यक्ति पनि हुन्। घटना बाहिर आउँदा शुरुमा सबैले बालकहरू कसैबाट परिचालित भएर आरोप लगाएका हुन् भन्ने थियो। बालकलाई पनि यस्तो हुन्छ र भन्ने प्रश्न भएकै कारण घटनालाई गुपचुप विद्यालयभित्र नै मिलाउने प्रयास पनि गरियो।



एकपछि अर्को बालक आफू माथि यौन हिंसा भएको भनि बाहिर निस्किए र विद्यालय नै बन्द गर्नुपर्ने स्थिति आइसकेपछि भने घटना प्रहरीसम्म पुग्यो। माछापुच्छ्रे गाउँपालिका ४ का वडाध्यक्ष मधुसुधन अधिकारीले भन्नुभयो- 'गाउँका एकदमै सन्त व्यक्ति भएकाले बालकहरूले यी कुरा बाहिर ल्याउदा कसैको उक्साहटमा बोलेका हुन् कि भन्ने थियो- हामीलाई। त्यसैले पनि वार्ताको प्रयास भएको थियो। तर, एकपछि अर्को गर्दै धेरै बालकहरू बाहिर आएपछि घटना भएको रहेछ भन्ने भयो। घटना दुःखद् छ।'

विद्यालयमा अध्ययनरत् तथा त्यहाँबाट एसईई दिएर गइसकेका छात्रहरूले संस्थापक शाहीले दुर्व्यवहार गरेको बताएका छन्। कास्की प्रहरीमा भने चार जना बालकले शाहीविरुद्ध संयुक्त लिखित जाहेरी दिएका छन्। विद्यालयको अफिस कोठादेखि सुनसान ठाउँमा शाहीले जर्बजस्ती अप्राकृतिक यौन क्रियाकलाप गर्न लगाएको आरोप बालकहरूले लगाएका छन्। हाल अनुसन्धानका लागि यौन दूराचारीको आरोप लागेका रामचन्द्र शाही थुनामा छन्। कास्की प्रहरी प्रवक्ता सुन्दरप्रसाद तिवारीका अनुसार यस घटनालाई प्राथमिकता राखेर अनुसन्धान बढाइएको छ। उहाँले भन्नुभयो- 'बालबालिकाको विषय भएकाले हामी संवेदनशील छौं र प्राथमिकतामा राखेर अनुसन्धान गरिरहेका छौं।'

राष्ट्रिय बाल अधिकार परिषद्का गण्डकी प्रदेश समन्वय अधिकृत बद्री वाग्ले घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको बताउँदै मिडियाले बाल दुर्व्यवहारको घटना सम्बन्धी समाचार बनाउँदा संवेदनशील हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'अहिले हाम्रो मुख्य कन्सर्न भनेको बालकहरूको युट्युवमा आइरहेको अन्तरवार्ता प्रति छ। अनुहार नदेखाएर मात्र हुँदैन। बारम्बर यसबारेमा प्रश्न सोधिरहँदा बालकहरूमा नकरात्मक मनोवैज्ञानिक असर पर्न सक्छ।'

बालबालिकाको क्षेत्रमा काम गर्दै आएको संस्था कोपिला नेपालका निर्देशक बिना सिलवालले बालबालिकाले सबैभन्दा सुरक्षित महशुस गर्ने ठाउँ घर र विद्यालयमा भए पनि दुबै ठाउँमा बालबालिका सुरक्षित नरहेको बताउनुभयो। बाल दुर्व्यवहार अक्षम्य अपराध भएको बताउँदै सिलवालले डर त्रास देखाएर बालकमाथि भएको यस्तो घटना अमानवीय भएको बताउनुभयो। सिलवालले भन्नुभयो- 'छोरीहरूलाई यौन दुर्व्यवहार हुन्छ, भनेर भनिरहँदा छोरीप्रति अभिभावक, शिक्षक सबै सचेत हुनुहुन्छ, तर दुर्व्यवहार छोरालाई पनि हुन सक्छ भन्ने सचेतना नहुँदा घटनाहरू बाहिर आउन सजिलो हुँदैन। छोराहरूलाई मैले यो घटना बाहिर ल्याए के होला भन्ने हुन्छ।' उहाँले अप्राकृतिक भएका कारणले नै बालकलाई हुने यौन दुर्व्यवहारको घटना समाजले नपत्याउने र नबुझ्ने गरेको बताउनुभयो।

पोखराकी सलिजा श्रेष्ठलाई सानैमा आफन्तबाट यौन दुर्व्यवहार भयो। त्यतिबेला आफूलाई के भएको हो भन्नेबारे उहाँलाई थाह थिएन। पछि हुर्कँदै गएपछि बल्ल आफू माथि यौन दुर्व्यवहार भएको रहेछ भन्ने कुरा श्रेष्ठले बुझ्नुभयो। इन्टेरियर डिजाइनर समेत रहनुभएको श्रेष्ठ अहिले बाल यौन दुर्व्यवहारविरुद्ध आवाज उठाउँदै आउनुभएको छ। सलिजाले महिलामात्र नभएर पुरुषमाथि हुने यौन हिंसाको घटनाप्रति पनि संवेदनशील हुनुपर्ने बताउनुभयो।

सलिजाले भन्नुभयो- 'महिलाका लागि यौन हिंसा भयो भनेर बाहिर आउनु जति सामान्य बनेको छ त्यति नै असामान्य पुरुषलाई यौन हिंसा भयो भन्नुभएको छ।' उहाँले बाल यौन दुर्व्यवहारबाट बालबालिकालाई बचाउन अभिभावककै भूमिका मुख्य हुने बताउनुभयो। 'बच्चालाई राम्रो बोर्डिङ स्कूल हालेको छु भनेर मात्र हुँदैन हरेक दिन बच्चालाई उसको बारेमा सोध्नुपर्छ। उनीहरूलाई दुर्व्यवहारका बारेमा भन्नुपर्छ। अहिलेको यस घटनाले पनि बालिकालाई मात्र होइन बालकलाई पनि यस्ता यौन दुराचारीहरूबाट उत्तिकै सुरक्षित राख्नुपर्छ भन्ने सन्देश दिएको छ।'

*श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

## इन्द्रपुरी २८ महिनापछि सञ्चालनमा



**अर्जुनधारा, असार १६।** सेवा शुरु गरेको पाँच महिनामा नै कोभिड-१९ का कारण बन्द भएको अर्जुनधारा-७ स्थित इन्द्रपुरी गार्डेन होटल एण्ड लज पुनः सञ्चालनमा आएको छ।

नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रहरुको प्रबर्द्धनसँगै नगरमा घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लक्षित गरी २०७६ कात्तिकदेखि सेवा शुरु गरेको उक्त होटल २८ महिनापछि सञ्चालनमा आएको हो। प्रारम्भिक लगानी ५० लाख रुपैयाँको लागतमा व्यवसायी इन्दिवर खड्काले सञ्चालन गरेको होटलमा सेवाग्राहीको लागि थप सुविधासहित सञ्चालनमा ल्याइएको पत्रकार भेटघाटमा सञ्चालक खड्काले बताए। हन्डीमा पकाएको चिकन र मटनलाई विशेष परिकार बनाउने लक्ष्य लिएको होटलले सेवाग्राहीको इच्छा अनुसार सस्तो मूल्यमा सबै प्रकारका खानेकुराहरु उपलब्ध गराउने सञ्चालक खड्काले जानकारी दिए।

त्यसैगरी सञ्चालक खड्काको दाबी अनुसार पूर्वमा पहिलोपटक सेवाग्राहीका लागि आर्चरी ( धनुकाँड) खेल सञ्चालन गरिएको उक्त होटल परिसरमा आगामी दिनमा मिनी फुटबल, क्रिकेट नेट अभ्यास लगायत खेलकुदका गतिविधिहरु पनि सञ्चालनमा ल्याइने बताइएको छ।

चार विगाह क्षेत्रफल रहेको होटलमा एउटा एसी कोठासहित जम्मा छ वटा कोठा, ६० जना क्षमताको सभाहल, बैठक कक्ष, चार वटा कटेज, बगैंचा आदि रहेको सञ्चालक खड्काले जानकारी दिए।

होटलले 'महत्वपूर्ण व्यक्ति' कार्यक्रम मार्फत् निश्चित शुल्क लिई सदस्यता विस्तार गर्ने, आन्तरिक पर्यटकहरुको लागि प्रति व्यक्ति पाँच सय रुपैयाँ शुल्क लिई खानासहित एक रातको बास लगायतका सुविधा पनि शुरु गरेको सञ्चालक खड्काले बताए।

## ट्रकको ठक्करबाट एकजनाको मृत्यु

**झापा, असार १६।** कमल गाउँपालिका-४ चुलाचुली मोडस्थितमा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना ७ ख ८७३५ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०१-०१२ प १४५३ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा घाइते भएका थिए।

घाइते मोटरसाइकल चालक दमक नगरपालिका-९ का ३८ बर्षीय दीपक नेपालको उपचारको क्रममा दमक अस्पतालमा मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ। नेपाल दमकस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका कर्मचारी रहेको प्रहरीले जनाएको छ।

## एर्वा युरोपियनबाट इलामको आदर्श सहकारीलाई प्रशंसा पत्र

□ गणेश अर्याल

**इलाम, असार १६।** इलामको आदर्श बहुउद्देश्यीय सहकारी सस्था काठमाडौंमा सम्मानित भएको छ।

विश्व प्रतिष्ठित स्वास्थ्य सम्बन्धी मेसिनरी सामग्री उत्पादन गर्ने एक कम्पनीले आदर्शलाई राजधानीमा सम्मान गरेको हो। मेशिनरी उत्पादक तथा रिसर्च एर्वा ग्रुप अफ कम्पनी युरोपियनले आदर्श बहुउद्देश्यीय सहकारी संस्था लि. इलामलाई प्रशंसापत्र प्रदान गरेको हो।

विश्वस्तरीय नम्बर वान ब्राण्ड एर्वाको



उपकरणहरु आफ्नो ल्यावमा प्रयोग गरी सामुदायिक स्तरमा सुलभ स्वास्थ्य सेवा पुर्‍याएको भन्दै सहकारीलाई प्रशंसापत्र प्रदान गरिएको हो। आदर्श बहुउद्देश्यीय सहकारी सस्थाले सो कम्पनीको उपकरणहरु प्रयोग गरी स्वास्थ्य क्षेत्रमा काम गरिरहेको छ। काठमाडौंको होटेल मेरियोटमा आयोजित कार्यक्रमकाबीच क्षेत्रीय कार्यालय चेक रिपब्लिकबाट आएका प्रतिनिधि क्रिष्टिना ब्रोजोभाले संस्थालाई प्रशंसा पत्र हस्तान्तरण गरेकी थिइन्।

कार्यक्रममा सहभागी भएका आदर्श बहुउद्देश्यीय सहकारीका बरिष्ठ व्यवस्थापक याम प्रधानले एर्वा ग्रुप अफ कम्पनी युरोपियनले प्रदान गरेको प्रशंसापत्र ग्रहण गरेका थिए। इलाममा सम्भवत: सहकारीले स्वास्थ्य सेवा प्रदान गर्नेमा आदर्श सहकारी जिल्ला कै पहिलो र एकमात्र सहकारी हो। सम्मानले गुणस्तरीय सेवा प्रदान गर्नमा थप हौसला र जिम्मेवारी बढेको संस्थाका अध्यक्ष महेश श्रेष्ठले बताए।

सो कम्पनीले उत्पादन गरेको सामग्रीको नेपालमा ओम सर्जिकल सन्सर्नले आयात गर्दछ। सोही सर्जिकल साझेदारीमा आदर्श सहकारीले स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताइएको छ। कन्सर्नका प्रमुख दलबहादुर भण्डारीले हालै सहकारीले सञ्चालन गरको पोलिक्लिनिक र ल्याव अनुगमन गरेका थिए। ओम सर्जिकल्स कै साझेदारीमा सहकारीले पोलिक्लिनिक मार्फत इलामेलीहरुको लागि निःशुल्क डाइबिटिजको परीक्षण गर्दै आएको छ।

## कटान क्षेत्रको निरीक्षण

**पथरीशनिश्चरे, असार १६।** पथरीशनिश्चरे -५ स्थित सुन्दरीचोक दक्षिण तथा पौडेल चोक पूर्वको बक्राहा नदीको कटान प्रभावित क्षेत्रमा नगर र वडाका जनप्रतिनिधिहरूले निरीक्षण गरेका छन्।

नगर प्रमुख मोहनप्रसाद तुम्वापो, उपप्रमुख देवीमाया काफ्ले, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, नगरका इञ्जिनियर सन्तोष केसी, इलाका प्रहरी कार्यालय पथरीका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतम, ५ नम्बर वडाध्यक्ष चेतेन्द्र खड्कासहितका जनप्रतिनिधि र समाजसेवीहरूको टोलीले



निरीक्षण गरेको हो।

कटान लगातार भएर बाध कटान हुन थालेको क्षेत्रमा टोलीको उपस्थितिमा बासको किला गाडेर तत्कालको तटबन्ध थालिएको छ। नगर प्रमुख तुम्वापोले त्यहाँको व्यवस्थित दिगो तटबन्धका लागि संघीय बजेटको आवश्यकता रहेको बताए।

# बिर्तामोडमा माटो जोगाऔं अभियानको टोलीलाई स्वागत




**बिर्तामोड, असार १६।** दिन प्रतिदिन माटोमा ह्रास आएको भन्दै त्यसलाई जोगाउन सबै एकजुट हुनुपर्ने एक कार्यक्रमका सहभागीहरुले बताएका छन्।

लायन्स क्लव अफ बिर्तामोडका अध्यक्ष बलराम कार्कीले माटो जोगाउने अभियानमा सबै एक हुनुपर्ने बताए। उनले माटो जीवन भएकाले माटो नभए मानवीय अस्तित्व नै नरहने धारणा व्यक्त गरे। बिग्रिएको माटोलाई जोगाऔं भन्ने अभियानका साथ काठमाडौंबाट १७ दिन लगाएर दौड्दै बिहीबार झापाको बिर्तामोड आइपुगेका नवीन पुन मगरको टोलीलाई स्वागत गर्दै कार्कीले मानव जीवन नै संकटमा पर्ने भएकाले माटो जोगाऔं अभियानका अभियन्ताहरुले शुरु गरेको अभियानलाई सबैको साथ रहने धारणा व्यक्त गरे।

पुनको टोलीलाई बिर्तामोडस्थित अतिथी सदनमा लायन्स क्लव अफ बिर्तामोडका विभिन्न विभागहरुले स्वागत गर्दै सम्मान गरेका छन्। लायन्स क्लव अफ बिर्तामोडसहित विभिन्न विद्यालयका विद्यार्थीहरुको सहभागितामा टोलीलाई स्वागत तथा सम्मान गरिएको हो। अहिले हरेक सेकेण्डमा एक कण माटो मरुभूमि बनिरहेको भन्दै त्यसलाई जोगाउन यो अभियान देशव्यापी बनाउन पहल थालिएको बताइएको छ।

माटो नजोगाउने हो भने अबको ६० वर्षसम्म बाली उत्पादन नहुने र खानकै लागि युद्ध हुने सम्भावना रहेकाले त्यसलाई रोक्न सबै लाग्नुपर्ने विभिन्न सामाजिक क्षेत्रमा सक्रिय रहेका लीला चिमरियाले बताए। उनले भने- 'माटो जोगाऔं अभियानलाई सम्पूर्ण झापालीको साथ रहने छ। हामीले यो अभियान सफल बनाउन आजैबाट लाग्नुपर्छ।'

झापामा धेरै हौसला र माया पाएको भन्दै पुनले यो अभियानलाई सार्थक बनाउन सबै एकजुट हुनुपर्ने विचार व्यक्त गरे। उनले दौडको माध्यमबाट समाजमा जागरण ल्याउने उद्देश्यले काठमाडौबाट अभियान शुरु भएको जानकारी दिए।

दिनानुदिन जनसंख्या बढ्दै गए पनि माटोको उर्वरा शक्ति ह्रास हुँदा समस्या पैदा हुँदै गएको टोलीमा सहभागी सनम लिम्बूले बताए। माटो जोगाउनका लागि दौड भन्ने नाराका साथ सात वटै प्रदेश गरी तीन हजार पाँच सय किलो मिटर दौड पूरा गर्ने क्रममा पुनको टोली बिर्तामोड आइपुगेको हो। टोलीले अभियान अन्तर्गत प्रधानमन्त्री र राष्ट्रपतिलाई माटो जोगाउने अभियानमा खबरदारी गर्न समेत सबैलाई आग्रह गरेको छ।

साथै अभियानले देशभरबाट सात लाख विद्यार्थीको माटो जोगाऔं अभियानसँग सम्बन्धित लेख, रचना प्रधानमन्त्रीलाई बुझाउने योजना समेत बनाएको बताइएको छ। भारतीय सत् गुरुले यो अभियान शुरु गरेको र माटो जोगाऔं अभियान विश्वव्यापी रुपमा सञ्चालन भइरहेकाले नेपालमा पनि अभियान शुरु गरिएको बताइएको छ। अभियानको टोलीलाई ढाकाको टोपी लगाएर सम्मान समेत गरिएको थियो। कार्यक्रमको सञ्चालन लाइन्स क्लवका सत्यनारायण शर्माले गरेका थिए।

# नगर प्रमुख र उप्रमुख दिक्षित : पाँच दिवसीय तालिम

□ लक्ष्मी उप्रेती

**मेचीनगर, असार १६।** मेचीनगर नगर स्काउट तदर्थ समितिको संयोजनमा मेचीनगर नगर प्रमुख र उपप्रमुखलाई दिक्षित गरिएको छ।

नगर स्काउट संरक्षक नगर प्रमुख र नगर स्काउट प्रमुख उपप्रमुख पदेन रहने व्यवस्था भएकाले मेचीनगर नगर प्रमुख गोपालचन्द्र बुढाथोकी र उपप्रमुख मीना पोखरेल उप्रेतीलाई सपथ खुवाएर दिक्षित गरिएको हो। मेचीनगर स्काउट संरक्षक नगर प्रमुख बुढाथोकी र नगर स्काउट प्रमुख तथा नगर परिषद् अध्यक्ष उपप्रमुख उप्रेतीलाई राष्ट्रिय प्रशिक्षक भुवन सुब्बा खरेलले सपथ गराएका थिए। त्यसलगत्तै नगर स्काउट प्रमुख तथा नगर परिषद् अध्यक्ष उपप्रमुख उप्रेतीले स्थानीय स्काउट मेचीनगर समितिका पदाधिकारीहरु संयोजक रीता थापा, सदस्यहरु सुष्मा सुब्बा, शिवानी देवान, पूजा थापालाई पद तथा गोपनियताको सपथ गराएका थिए।

यो सँगै नेपाल स्काउट प्रदेश नम्बर १, स्थानीय स्काउट मेचीनगरको ४९७औं 'बीटीसी' तथा ३६४औं 'पिटीसी' पाँच दिवसीय नगरस्तरीय आधारभूत स्काउट तालिम तथा स्थानीय स्काउटको दीक्षान्त समारोह सम्पन्न भएको स्काउटर दुर्गाबहादुर लुइँटेलले जानकारी दिए।

मेचीनगर नगरपालिकाको आर्थिक सहयोगमा स्थानीय स्काउट मेचीनगरले अरुणोदय माध्यमिक विद्यालय परिसरमा तालिमको आयोजना गरेको थियो।

नगर स्काउट सदस्य सचिव नगर शिक्षा शाखा प्रमुख रहने व्यवस्था छ। शाखा संयोजक होमनाथ भण्डारीको सपथ बाँकी छ। उनलाई नगर स्काउट प्रमुख उपप्रमुख उप्रेतीले सपथ गराउने कार्यक्रम छ। कार्यक्रममा बोल्दै नेपाल स्काउटको विकास र प्रवर्द्धनमा मेचीनगर नगरपालिका उदारणीय हुने र स्थानीय स्काउटको पहलकद्मी तथा सहयोगमा स्थानीय निकायमा स्काउटिङ्ग गतिविधि व्यापक हुने राष्ट्रिय प्रशिक्षक खरेलले विश्वास गरिन्।

अनुशासित, स्वावलम्बी, नैतिकवान बालबालिका निर्माणका निमित्त एक विद्यालय एक स्काउट दलको नीति कार्यान्वयनका लागि मेचीनगरका सबै बिद्यालयहरुमा स्काउट कार्यक्रम सञ्चालनको पहल भइरहेको स्काउट मेचीनगर तदर्थ समिति संयोजक रीता थापाले जानकारी दिए। तालिम समापन भए लगत्तै सहभागी शिक्षकहरुले आ-आफ्नो विद्यालयमा गएर स्काउट दल सञ्चालन गर्ने छन्। यही उद्देश्यले तालिम आयोजना गरिएको स्काउटर दुर्गाबहादुर लुइँटेलले जानकारी दिए।

तालिममा मेचीनगरसहित रुपन्देही र नवलपरासी जिल्लाबाट समेत तालिममा सहभागी छन्। ३० पुरुष र २४ महिला सहभागी प्रशिक्षार्थीहरुलाई राष्ट्रिय प्रशिक्षकहरु भुवन सुब्बा खरेल, शिवकुमार पौड्याल, नेपाल स्काउट १ नम्बर प्रदेश संयोजक रवि खनाल लगायतले सो तालिममा विभिन्न कोर्षमा तालिम प्रदान गरेका थिए।

तालिममा कोर्ष लिडरहरुमा महिलातर्फ सहायक राष्ट्रिय प्रशिक्षक मीनाकुमारी कटवाल कार्की र पुरुषतर्फ सहायक राष्ट्रिय प्रशिक्षक भगिरथ राई रहेका थिए। स्काउटको संगठनात्मक विकासको लागि मेचीनगर नगरपालिकाको तर्फबाट यथेष्ठ सहयोग रहिरहने स्थानीय स्काउट नगर संरक्षक नगर प्रमुख बुढाथोकी तथा नगर प्रमुख उपप्रमुख उप्रेतीले प्रतिबद्धता व्यक्त गरे। उनीहरुले नगरपालिकामा स्काउटको तालिम इतिहासमै पहिलो कोसेढुङ्गाको रुपमा सावित हुने बताउँदै स्काउट शिक्षाले एक व्यक्तिलाई असल नागरिक बनाइ सक्षम व्यक्ति जन्माउने भएकोले स्काउट आधारभूत तालिम आवश्यक रहेको जानकारी गराए।

आधारभूत स्काउट तालिम शिक्षाको आवश्यकता भएको बुझेर नै मेचीनगर नगरपालिकाको आर्थिक सहयोगमा स्थानीय मेचीनगर स्काउटले तालिमको आयोजना गरेको मेचीनगर संयोजक रीता थापाको भनाई छ। स्थानीय मेचीनगर नगर स्काउट संयोजक रीता थापाको अध्यक्षतामा भएको समापन समारोहमा स्थानीय स्काउट नगर संरक्षक नगर प्रमुख बुढाथोकी तथा नगर प्रमुख उपप्रमुख उप्रेतीले ५२ जनालाई प्रमाण पत्र, ब्याज तथा स्कार्फ वितरण गरेका थिए।

स्काउटर दुर्गाबहादुर लुइँटेलले सञ्चालन गरेको समापन समारोहमा सहायक राष्ट्रिय प्रशिक्षक शिवानी देवानले स्वागत गरेकी थिइन्।

# केर्खामा रिङ रेस्लिङ च्याम्पियनसीप




**कमल, असार १६।** पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले केर्खामा चौथो राष्ट्रिय रिङ रेस्लिङ च्याम्पियनसीप प्रतियोगिताको उद्घाटन गर्ने भएका छन्।

प्रतियोगिताको उद्घाटन असार १८ गते शनिबार कमल गाउँपालिका-३ स्थित शहीद धर्मभक्त माध्यामिक विद्यालयको खेल मैदानमा हुने आयोजकले जनाएको छ। मदन भण्डारी जयन्तीका अवसरमा मदन भण्डारी स्पोर्टस एकेडेमी काठमाडौंको राष्ट्रव्यापी प्रतियोगिता अन्तर्गत आयोजना हुने प्रतियोगिता नेपाल रिङ रेस्लिङ संघको संयोजनमा कमल गाउँपालिका-३ स्थित शहीद धर्मभक्त माध्यामिक विद्यालयको खेल मैदानमा हुने आयोजकले जनाएको छ।

मदन भण्डारीको ७१औं जन्म जयन्तीको अवसरमा प्रतियोगिताको तयारी शुरु गरिएको जानकारी दिँदै संघकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिए। प्रतियोगितामा विभिन्न पाँच वटा विभागमा खेलाडीहरु पुरस्कृत हुने छन्।

प्रतियोगितामा हेवीवट च्याम्पियनले एक लाख २५ हजार, हार्डकारको विजेताले नगद एक लाख, मिडिल वेटतर्फको विजेताले नगद ९५ हजार, लाइटवेट च्याम्पियनले नगद ६० हजार, ट्याग टिम विजेताले नगद ७५ हजार र महिलातर्फको च्याम्पियनले नगद ७० हजार रुपैयाँ प्राप्त गर्ने महासचिव श्रेष्ठले जानकारी दिए।

तयारीको अन्तिम चरणमा मदन भण्डारीको ७१औं जन्मजयन्तीको अवसरमा हुन लागेको चौथो राष्ट्रिय रिङ रेस्लिङ च्याम्पियनसीप प्रतियोगिता हुने स्थानको तयारी अन्तिम चरणमा पुगेको छ। कमल गाउँपालिका-३ स्थित शहीद धर्मभक्त माध्यमिक विद्यालयको खेल मैदानमा हुन लागेको प्रतियोगितामा अतिथि तथा दर्शकका लागि बस्ने स्थानको तयारी अन्तिम चरणमा पुगेको व्यवस्थापन समितिका सदस्य चक्र गुरुङले बताए।


## आवश्यकता

**कुक : ३ जना**
**वेटर : ४ जना (कफि स्पेशलिष्ट)**
**सेकुवा पोल्न जान्ने : १ जना**
**सम्पर्क :**
**९८२४००६००५**

## अब पानीटंकीमा

चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा
MAMA BHANJA GARAGE
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal:
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड**
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।




**सम्पर्क :**
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## मलेशिया मुलुकमा सुरक्षा गार्ड (Security Guard) को आवश्यकता

रोजगारदाता कम्पनी (NAME OF EMPLOYER): TEGAS SECURITY SERVICES SDN BHD

| पूर्व स्वीकृति मिति : २०७८/०१/०२ Pre Approval Date: 2022/05/02 | चलानी नं.: ६०१७८९९८ Reference No. 60178998 | LOT No. 262427 | शहर: Puchung |
|---|---|---|---|

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन कामगर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard सुरक्षाकर्मी | 50 ५० | 0 0 | Professing in reading spiking writing understanding in English. अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने। | 2300 २३०० | 66447 ६६४४७ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8+4 Hrs ८+४घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्ककतिलाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**Interview will be conducted on 07 July 2022 in Birtamod Jhapa CP Hotel**
**अन्तवार्ता मिति २०७९ असार २३ गते बिर्तामोड, झापा सीपी होटलमा हुनेछ।**

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं. : २५९/०५८/०५९
Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो।

## ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
## Trust Nepal Overseas Pvt. Ltd.

चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल
Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
Hotline No. 9807963797
शाखा कार्यालय, बिर्तामोड झापा
फोन :- ०२३-५४५०७४
मोबाइल नं. ९८०७९६३७९७, ९८१६०१५४८८, ९८०७३२०३३८, ९८१६०१६२०९, ९८१६०१६२१०
Email : trustnepaljhapa@gmail.com

## आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
**संख्या : ३३ जना**
**सम्पर्क :**
**इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.**
**प्रधान कार्यालय बिर्तामोड**
**फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०**

## फ्लाट भाडामा

झापाको बिर्तामोडस्थित महेन्द्र राजमार्गसँग जोडिएको अदुवा पुलछेउमा रहेको २ तला घरको पहिलो र दोस्रो तला बैंक, सहकारी, कन्सल्टेन्सी, सटीङ्ग-सुटीङ्ग टेलरिङ्गको लागि उपयुक्त फ्लाट भाडामा छ।
**सम्पर्क :**
**फोन नं. : ०२३-५९०१६६**
**मो. : ९८०६०३४४२६**

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई




सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## आवश्यकता

**पद :** PRO/GRO/Office Staff
**संख्या : केही (महिला/पुरुष)**
**तलब :** १३८००-२०,०००/-
**योग्यता :** +२, SEE **साधारण लेखपढ**
**कागजात :** नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रतिलिपी, ४ प्रति फोटो, दस्तुर
**नोटः बोनस साथै अन्य सुविधाहरु।**
**सम्पर्क :**
**अतिथि सदनरोड, बिर्तामोड झापा**
**९८०१६१५३९३, ९८६६६७२५७३**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यापार, व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ। शुभ खबर सुन्न पाइनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दूरीको रोमान्टिक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिने छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ। धैर्य रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यापार, व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।